# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np

प.सं.०७७/०७८
च.नं. ८५६

मिति: २०७८/०३/२०

श्री नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै
बुटवल उपमहानगरपालिका, नगर कार्यपालिका।

विषय:- निर्णयको प्रतिलिपि पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस बुटवल उप-महानगरपालिका नगरकार्यपालिकाका प्रमुख श्री शिवराज सुवेदीज्यूको अध्यक्षतामा मिति २०७८।०३।१७ गतेका दिनमा वसेको ८३ औं नगर कार्यपालिकाको वैठकबाट पारित निर्णयहरु यसै साथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

शिव प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. प्रथम श्रेणी)

वोधार्थ
श्री प्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका।
श्री उपप्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका।
श्री बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाका महाशाखा प्रमुखहरु सवै
श्री वडा कार्यालयहरु सबै वडा नं.१-१९
श्री सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा,सूचना वेभसाइटमा अपलोड गर्नु हुन।

Scanned with CamScanner

बैठक नं.८३

आज मिति २०७८/३/१७ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३ :०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज वहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम वहादुर श्रेष्ठ | सदस्य | |
| ११ | विष्णु वहादुर थापा | सदस्य | |
| १२ | पदम वहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

Scanned with CamScanner

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर वहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त वहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम वहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | विमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

तिला प्रसाद श्रेष्ठ- का.वा. वडाध्यक्ष - ३

Scanned with CamScanner

प्रस्ताव नं.८३.१

घर जग्गाको रजिष्ट्रेशन शुल्क निर्धारण सम्बन्धमा ।

निर्णय नं.८३.१

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र आ.व. ०७८।०७९ मा जग्गाको रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्युनतम मूल्य निर्धारण गर्न श्री मालपोत कार्यालय बुटवलको च.नं. १३७३७ मिति २०७८।०२।२६ को पत्रबाट बुटवल क्षेत्रमा यस आ.ब. मा तोकिएको न्यूनतम मूल्यमा के कति वृद्धि गर्नुपर्ने हो ? सो विषयमा राय सुझाव माग गरेको सन्दर्भमा छलफल गर्दा उक्त प्रयोजनका लागि वर्तमान स्वास्थ्य संकटको अवस्थालाई मध्यनजर राखि राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा यस आ.ब.का लागि तोकिएको न्यूनतम मूल्यमा बढीमा १०% ले मात्र वृद्धि गर्ने गरी प्रकृया अगाडि बढाउन लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.८३.२

योजनाको म्याद थप सम्बन्धमा ।

निर्णय नं.८३.२

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको प्रशासकीय भवन श्री विकोई शिवशक्ति बन्दन भगवती जेभी नयाँबानेश्वर काठमाण्डौंले निर्माणगर्ने कममा देशमा फैलिएको पहिलो तथा दोश्रो चरणको कोरोना भाइरस महामारीका कारण जारी बन्दाबन्दी तथा निषेधाज्ञा, भेरिएशन स्वीकृत आदेश बमोजिम थप कार्यका लागि लाग्ने समय र हालसम्म भएको कार्य प्रगतिसमेतका आधारमा सम्बन्धित निर्माण व्यवसायीले कार्य सम्पन्न गर्न म्याद थप माग गरेको थप समय न्यायोचित देखिएको साथै मिति २०७८।०३।०५ सम्म म्याद थप गर्न सम्बन्धित साइड इन्चार्जबाट समेत प्रतिवेदन पेश हुन आएकोले खरिद संझौताको म्याद थप गर्ने सम्बन्धमा, बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७३ को नियम १२१ को उपनियम (३) मा उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा ६ (छ) महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारी र सोभन्दा बढी अवधिको कार्यपालिकाले थप गर्न सक्नेछ भन्ने व्यवस्था रहेको भए तापनि यस आयोजनाको बोलपत्र स्वीकृत नगरकार्यपालिकाबाट भएको हुदा मिति २०७८।३।३ मा प्रमुखज्यूबाट समेत बोर्ड बैठकमा पेश गर्ने गरी निर्णय भएकाले निवेदकको माग बमोजिम मिति २०७८।०३।०५ गतेसम्म उल्लेखित आयोजनाको म्याद थप गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

प्रस्ताव नं.८३.३ विविध ।

प्रस्ताव नं.८३.३.१

प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

निर्णय नं.८३.३.१

न्यायिक समिति, अनुगमन समिति, लेखा समिति, आचार संहिता अनुगमन समिति, विधायन समिति लगायतका समितिहरुको वार्षिक प्रतिवेदनहरु र जाँचपास तथा फरफारक समितिको फरफारक सम्बन्धी विवरण मिति २०७८।०३।१८ गते दिनको १:०० बजे बस्ने नगरसभाको नवौ अधिवेशनको चौथो बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८३.३.२

म्याद थप सम्बन्धमा ।

निर्णय नं.८३.३.२

कोभिड-१९ को महामारीका कारण बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित भैरहवा टोलमा निर्माणाधिन ट्रान्सपोर्ट भिलेज सम्झौता बमोजिमको समयमा सम्पन्न हुन नसकेको हुँदा २०७८ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८३.३.३

स्वास्थ्यलाभको कामना ।

यस बुटवल उपमहानगरपालिकाको वडा नं.१८ का वडा वडाध्यक्ष श्री हुमनाथ आचार्य कोरोना भाइरस (भाइरस-१९) बाट संक्रमित भई हाल उपचारको क्रममा काठमाण्डौंमा रहनु भएको हुँदा यो कार्यपालिका बैठक, निजको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

प्रस्ताव नं.८३.३.४

शोक प्रस्ताव सम्बन्धमा ।

यस बुटवल उपमहानगरपालिकाको वडा नं. १३ का वडा सदस्य श्री खुमानन्द पौडेलकी ममतामयि माता हिमकला पौडेलको मिति २०७८।३।२ गतेका दिन ९८ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुप्रति यो कार्यपालिका बैठक गहिरो समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।



Scanned with CamScanner